राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ | अंक २८८ | २०८३ जेठ ८ गते शुक्रवार (22 May. 2026) | पृष्ठ ४ | मूल्य रु. ३।-

## संविधान संशोधनमा दलहरूसँग छलफल



दैनिक समाचारदाता
काठमाडौं, ७ जेठ । संविधान संशोधनका लागि बहसपत्र तयार गर्न गठन गरिएको कार्यदलले विभिन्न राजनीतिक दलका नेताहरूसँग छलफल सुरु गरेको छ । प्रधानमन्त्री बालेन शाहका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा रहेको कार्यदलले बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा संविधान संशोधन सम्बन्धी सुझाव संकलनका लागि राजनीतिक दलका नेताहरूसँग छलफल गरेको हो ।
छलफलमा सीके राउत, रास्वपाका महामन्त्री कविन्द्र बुर्लाकोटी, नेकपाका माधव सापकोटा तथा राष्ट्रिय मुक्ति पार्टी नेपालका केशव झालगायत नेताहरू सहभागी थिए ।

## एमालेमा विभागीय जिम्मेवारी हेरफेर

दैनिक समाचारदाता
काठमाडौं, ७ जेठ । नेकपा एमालेले पदाधिकारीसहित केही केन्द्रीय सदस्यलाई तुलनात्मक रूपमा कमजोर मानिने विभागमा राख्दै केही नेतालाई महत्वपूर्ण जिम्मेवारी दिने तयारी गरेको छ । भोलि बस्ने सचिवालय बैठकबाट पारित गर्ने तयारी गरिएको प्रस्तावअनुसार प्रदीप ज्ञवाली, शेरबहादुर तामाङ, विशाल भट्टराई, क्षितिज थेबे, रश्मी आचार्य, सूर्य पाठक र निरज आचार्यलाई विभिन्न विभागको जिम्मेवारी दिने तयारी गरिएको हो ।प्रस्तावअनुसार ज्ञवालीलाई विदेश मामिला विभाग प्रमुख बनाइने भएको छ । एमालेमा यो विभाग विगतमा शीर्ष तहका नेताहरूले सम्हाल्दै आएका थिए । त्यस्तै संगठन विभागको जिम्मेवारी भानुभक्त ढकाल ले पाउने भएका छन् । अध्यक्ष केपी शर्मा ओली नेतृत्वमा ढकालले निरन्तर प्रभावशाली भूमिका पाउँदै आएका छन् ।
जनसंगठन समन्वय संयन्त्र प्रमुखमा विशाल भट्टराई, स्कूल विभाग प्रमुखमा शेरबहादुर तामाङ, राष्ट्रिय युवा संघ इन्चार्जमा क्षितिज थेबे तथा अनेरास्ववियु इन्चार्जमा रश्मी आचार्यलाई प्रस्ताव गरिएको छ । यस्तै निर्वाचन विभाग प्रमुखमा निरज आचार्य र प्रचार विभाग प्रमुखमा सूर्य पाठकलाई जिम्मेवारी दिने तयारी गरिएको एमाले स्रोतले जनाएको छ ।

### महालेखा परीक्षक कार्यालयको प्रतिवेदन प्रदेश प्रमुखसमक्ष पेस

# मधेशमा सुशासन चुनौतीपूर्ण

दैनिक समाचारदाता
जनकपुरधाम, ७ जेठ । महालेखा परीक्षक कार्यालय को आठौँ वार्षिक प्रतिवेदन डा. सुरेन्द्रलाभ कर्ण समक्ष प्रस्तुत गरिएको छ ।

जनकपुरधामस्थित प्रदेश प्रमुखको कार्यालयमा बुधबार आयोजित कार्यक्रममा महालेखा परीक्षक कार्यालयका नायब महालेखा परीक्षक ताराप्रसाद पाण्डेले आर्थिक वर्ष २०८१/८२ मा सम्पादन भएका कामकारबाही समेटिएको प्रतिवेदन बुझाएका हुन् ।

प्रतिवेदनमा मधेश प्रदेशमा बेरुजु बढ्दो क्रममा रहेको तथा सरकारी खर्चमा वित्तीय अनुशासन कमजोर हुँदा बेरुजु वृद्धि भएको उल्लेख गरिएको छ । अन्य प्रदेशको तुलनामा मधेशमा बेरुजुको दर उच्च रहेको पनि प्रतिवेदनमा औँल्याइएको छ ।



प्रतिवेदन बुझाउँदै पाण्डेले सार्वजनिक खर्चमा पारदर्शिता, मितव्ययिता र जवाफदेहिता प्रभावकारी बनाउन आवश्यक रहेको बताए । उनले आर्थिक प्रशासनलाई चुस्त, पारदर्शी र उत्तरदायी बनाउन प्रदेश सरकार तथा मातहतका निकायले सुधारात्मक कदम चाल्नुपर्नेमा जोड दिए ।

जेनजी आन्दोलनका क्रममा स्रेस्ता नष्ट भएका कारण मधेश प्रदेशका तीन मन्त्रालय, दुई निकाय, चार कार्यालय तथा १३६ स्थानीय तहमध्ये ११९ वटाको मात्र लेखापरीक्षण सम्पन्न भएको जानकारी पनि उनले दिए । पर्याप्त कानुन निर्माण नहुनु, असारमा रकमान्तर गर्ने प्रवृत्ति तथा दरबन्दी हुँदाहुँदै करारमा कर्मचारी राख्ने अभ्यास आर्थिक अनुशासनका प्रमुख चुनौती रहेको उनको भनाइ थियो ।

प्रदेश प्रमुख डा. कर्णले प्रतिवेदनले औँल्याएका विषयलाई गम्भीर रूपमा लिएर वित्तीय सुशासन कायम गर्न प्रदेश सरकारलाई आवश्यक निर्देशन र सुझाव दिने बताए । उनले बेरुजु न्यूनीकरण, सार्वजनिक खर्चको प्रभावकारिता र सुशासन प्रवर्द्धनमा सबै निकाय जिम्मेवार बन्नुपर्ने धारणा राखे ।

# जनतासँग बढी कर नलिन सांसदहरूको माग

दैनिक समाचारदाता
काठमाडौं, ७ जेठ । प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरूले जनतासँग बढी कर नलिन सरकारको ध्यानाकर्षण गराएका छन् । बैठकको शून्य समयमा सांसद सुलभ खरेलले जनतालाई कर तिर्न सहुलियत हुने गरी व्यवस्था गरिनुपर्नेमा जोड दिए ।

सांसद सुशान्त वैदिकले निर्माण सुरु गरिएका प्युठानका सडक अलपत्र भएकाले यथाशीघ्र कामलाई तीव्रता दिन सरोकार भएका निकायको ध्यानाकर्षण गराए । चट्याङबाट बचन प्रतिरोधी टावर बनाउन उनले माग गरे ।

सांसद सुशील खड्काले फोहरमैला व्यवस्थापनलाई प्रोत्साहनको सट्टा दुरुत्साहनको काम भएकाले कबाडी करलाई खारेज गरिनुपर्नेमा जोड दिए । कुहिने फोहरलाई मल र



प्लास्टिकलाई उद्योगको कोइलाका रूपमा पुनःप्रयोग गर्न सकिने उनको सुझाव छ ।

सांसद सुषमा स्वर्णकारले विद्युत् सेवा अधिकार भएकाले विद्युत् आपूर्तिमा अवरोध नगर्न माग गरिन् । सांसद सुहाङ नेम्वाङले वर्षा सुरु हुन लागेपछि इलामका सडक भत्कने गरेकाले सुधार गर्न माग गरे ।

उनले इलाममा अलपत्र रहेका पुल नबन्दा पनि समस्या भएकाले छिटो निर्माण गरी जनता निर्धक्क सुत्न सक्ने गरी कवातावरण बनाउन माग गरे ।

सांसद सोम शर्माले गत भदौ २३ गते किन गोली चलाइयो, सोको तथ्यगत र वास्तविक अध्ययन गरी दोषीलाई कारबाही गर्न माग गरे । सांसद स्मृति चौधरीले युवाले भविष्य गुमाइरहेकाले विदेश पलायन रोक्ने गरी नीति निर्माण गरिनुपर्ने माग गरिन् ।


सांसद हरिनादेवी कामीले डडेल्धुरामा बग्ने रङ्गुन खोलाले खेतीयोग्य जमिन कटान गरिरहेकाले तटबन्ध निर्माण गर्न माग गरिन् । सांसद हरिप्रसाद भुसालले नेपाली सञ्चारजगतले चेतना जगाउने गरेका उल्लेख गर्दै स्वतन्त्र प्रेसको सुदृढीकरणका लागि समानुपातिक विज्ञापन नीति लागू गर्न माग गरे ।

सांसद क्षितिज थेवेले सुकेटार विमानस्थल कालोपत्र भए पनि विमान नगएको उल्लेख गर्दै ५० वर्षदेखि जनताका सपना पूरा नभएको बताए । ताप्लेजुङका विभिन्न स्थानमा सडक र पुलको अवस्था नाजुक भएकाले समाधान गर्न उनको माग छ ।

सांसद ज्ञानु पौडेलले कालिकोट विमानस्थल परीक्षण भएर सञ्चालन नभएकाले उक्त विमानस्थल चलाउन ठोस पहल गरिनुपर्नेमा जोड दिइन् । कालिकोटका सडक गुणस्तरीय नभएकाले विमानस्थल सञ्चालन छिटो गरिनुपर्ने उनको भनाइ छ ।

सांसद ज्ञानेन्द्रसिंह महताले क्रिकेट खेलाडीलाई कञ्चनपुरमा मैदान नभएकाले आधुनिक खेलमैदान तत्काल निर्माण गर्न माग गरे । सांसद हरिमोहन भण्डारीले वैदेशिक रोजगारमा गएकाको निधन हुँदा श्रम मन्त्रालयले चासो नलिँदा शव ल्याउने काम प्रभावित भएकोतर्फ सरकारको ध्यानाकर्षण गराए ।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम



## सम्पादकीय

# बजेटीमा विभेद कहिलेसम्म ?

मधेश प्रदेश सरकारको गत आर्थिक वर्ष २०८१/०८२ को कुल ४३ अर्ब ७९ करोड रुपैयाँ बजेटमध्ये दलित समुदायको समग्र विकासका लागि केवल ३५ करोड रुपैयाँ अर्थात् ०.७९ प्रतिशत मात्र छुट्याइएको तथ्यले प्रदेश सरकारको प्राथमिकता र संवेदनशीलतामाथि गम्भीर प्रश्न उठाएको छ । प्रदेशको कुल जनसंख्यामा १८ प्रतिशतभन्दा बढी हिस्सा ओगटेको दलित समुदायका लागि यति न्यून बजेट विनियोजन हुनु केवल आर्थिक असमानता मात्र होइन, राज्यको दृष्टिकोणमै रहेको संरचनागत विभेदको संकेत पनि हो ।

दलित विकास समिति द्वारा आयोजित अन्तरक्रिया कार्यक्रममा प्रस्तुत प्रतिवेदनले मधेश प्रदेशमा दलित समुदाय अझै पनि राज्यको योजनागत उपेक्षाको सिकार भइरहेको स्पष्ट देखाएको छ । शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, सामाजिक सुरक्षा तथा राजनीतिक पहुँचजस्ता आधारभूत क्षेत्रमा दलित समुदाय पछाडि परिरहेका बेला बजेट विनियोजनमा समेत उनीहरूलाई प्राथमिकतामा नराखिनु दुर्भाग्यपूर्ण हो ।

प्रतिवेदनअनुसार छुट्याइएको बजेटको ठूलो हिस्सा मठ-मन्दिर निर्माणतर्फ गएको देखिन्छ । जबकि दलित समुदायको सबैभन्दा ठूलो आवश्यकता गुणस्तरीय शिक्षा, सीप विकास, रोजगारी, उद्यमशीलता, स्वास्थ्य सेवा र सामाजिक सुरक्षा हो । छात्रवृत्ति तथा लोकसेवा तयारीका लागि जम्मा डेढ करोड रुपैयाँ विनियोजन हुनु आफैंमा विडम्बना हो । यसले सरकार अझै पनि दलित समुदायको वास्तविक आवश्यकता पहिचान गर्न असफल रहेको देखाउँछ ।

दलित समुदाय आज पनि मधेशमा जातीय विभेद, छुवाछूत, सामाजिक बहिष्कार, श्रम शोषण, हिंसा र मानसिक यातनाबाट सबैभन्दा बढी प्रभावित छ । संविधानले समानता, सामाजिक न्याय र सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गरे पनि व्यवहारमा ती अधिकार अझै कागजमै सीमित देखिन्छन् । दलित सशक्तीकरण ऐन बने पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा समुदायले परिवर्तनको अनुभूति गर्न सकेको छैन ।

कार्यक्रममा वक्ताहरूले उठाएका सवालहरू केवल आलोचना होइनन्, ती राज्यलाई आफ्नो दायित्व सम्झाउने चेतावनी पनि हुन् । भोला पासमान ले प्रस्तुत गरेको तथ्यांकले दलित समुदायमाथिको योजनागत विभेद उजागर गरेको छ भने कैलास दास ले वास्तविक समस्या पहिचान गरी समाधानमुखी कार्यक्रम ल्याउनुपर्ने आवश्यकता औंल्याएका छन् । यी आवाजहरूलाई सरकार र नीति निर्माण तहले गम्भीर रूपमा लिन जरुरी छ ।

प्रदेश सरकारको विकासको नारा तब मात्र सार्थक हुन्छ, जब समाजका सबैभन्दा पछाडि पारिएका समुदाय विकासको मूलधारमा आउँछन् । दलित समुदायलाई दया वा सहानुभूतिको विषय होइन, अधिकारको आधारमा अवसर र पहुँच दिनुपर्छ । बजेट विनियोजनमा समानुपातिक सहभागिता, शिक्षामा विशेष कार्यक्रम, सीप र रोजगारीमा प्राथमिकता तथा सामाजिक चेतनामूलक अभियान सञ्चालन नगरेसम्म दलित समुदायको वास्तविक सशक्तीकरण सम्भव छैन ।

अब मधेश प्रदेश सरकारले विगतका कमजोरी स्वीकार गर्दै आगामी बजेट तथा नीतिमा दलित समुदायलाई केन्द्रमा राख्नुपर्छ । अन्यथा "समावेशी विकास" र "सामाजिक न्याय" जस्ता शब्दहरू केवल भाषण र दस्तावेजमा सीमित हुनेछन् ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

# कसको नीति, कसको कार्यक्रम ?



मनिकर कार्की

सरकारले राष्ट्रपति रामचन्द्र पौडेलमाफर्फत आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । तर, नीति तथा कार्यत्रम सार्वजनिक गर्दा बखतको संसद् बैठकको दृश्य भने निकै उदेकलाग्दो देखियो । राष्ट्रपतिले नीति तथा कार्यक्रम वाचन गरिरहँदा प्रधानमन्त्री बालेन्द्र शाह भने संसद्बाट बाहिरिए ।

प्रधानमन्त्रीको सो कदमले संसद् र राष्ट्रपति समेतको मानमर्दन गरेको भन्दै विपक्षी दलका सांसदहरूले संसद्मा आपत्ति प्रकट गरे भने सामाजिक सञ्जाल एवम् सञ्चारमाध्यमहरूबाट समेत सो कदमको विरुद्ध कटाक्ष बर्सिएको थियो र यो उपक्रम अझै पनि जारी छ ।

नीति तथा कार्यक्रम सरकारको योजना हो । सरकारको घोषणा हो । राष्ट्रप्रमुखका नाताले राष्ट्रपतिले सो कार्यक्रमको वाचन गर्ने परम्परा रहेको हो । नीति कार्यक्रमप्रतिको स्वामित्वका लागि समेत कार्यक्रम प्रस्तुतिका क्रममा प्रधानमन्त्री संसद्मा उपस्थित हुनुपर्दथ्यो ।

तर, प्रधानमन्त्रीको हल्का र अल्लारे शैलीले संसदीय मर्यादामा आँच त पुगेको छ नै, स्वयम् सरकारले सार्वजनिक गरेको नीति तथा कार्यक्रम कसको हो ? भन्ने गम्भीर प्रश्न उत्पन्न गरिदिएको छ । यदि सरकारको नीति तथा कार्यक्रम हो भने सरकारप्रमुखले त्यसरी नजरअन्दाज गर्दै राष्ट्रपतिले वाचन गर्दैगर्दा बाँकटे हानेर बाहिरिनुहुन्थेन ।

प्रधानमन्त्रीको यस्तो शैलीले राष्ट्र नै लज्जित हुनु परेको छ भने सम्मानित राष्ट्रपतीय संस्था, संविधान र संसद्प्रति नै मानमर्दन भएको महसुस भएको छ । त्यति मात्र हैन, जनताको रगत, पसिना, बलिदानी र दशकौंदेखिको राजनीतिक संघर्षबाट प्राप्त गरिमामय संस्थाहरूप्रति उपेक्षा गर्नु भनेको जनताको भावना र आस्थामाथिकै उपेक्षा हो ।

त्यसो त प्रधानमन्त्री बालेन्द्र शाहले आफू निर्वाचित भइसकेपछि र प्रधानमन्त्री समेत भइसकेपछि पनि मुलुक र मुलुकवासीका नाममा कुनै औपचारिक सम्बोधन गरेका छैनन् । नयाँले जे गरे पनि राम्रो हुने, जस्तोसुकै रवैया पनि ग्राह्य हुने मनोरोग अहिले भाइरल बनेको छ ।

व्यक्तिको निजी हाउभाउ, लवाइ-खवाइ, औपचारिक तथा अनौपचारिक पोशाकदेखि सञ्चारकर्मीहरूलाई उपेक्षाभावले बाँकटे हान्दै उछलकुद गर्दै हिंडेको दृश्यसम्म मन पर्ने र नक्कल गर्ने जमातको बोलवाला चलेको बखत हरेक कुरामा क्रमभङ्गता देख्ने मनोरोग बल्झिनु स्वाभाविक हो । र, यस्तो रोगले ठीक र बेठीक, सही र गलत, मर्यादित र अमर्यादित, उचित र अनुचित व्यवहार तथा कार्यशैलीबारे विमर्श गर्न दिंदैन ।

तर, प्रधानमन्त्री बनेदेखि अहिलेसम्म पनि हाम्रा प्रधानमन्त्री बालेन्द्र शाहका हाउभाउ, शैली र रवैया स्याबासी दिने खालको भने देखिएको छैन । यसबाट निश्चय नै आत्मरतिमा रमाउन त सकिएला, तर राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय राजनीतिक एवम् कूटनीतिक क्षेत्रमा भने साख गिर्ने र अल्लारेपनको प्रदर्शन हुने बाहेक गम्भीर र दूरगामी परिणाम दिनेछैन ।

अब नीति कार्यक्रमतर्फ नै लागौं । सरकारले नीति तथा कार्यक्रममा संविधान संशोधनको बहसपत्र तयार गर्ने कार्यलाई प्राथमिकतामा राखेको देखिन्छ । तथापि बहसपत्रबारे सरकारी संयन्त्रले आयोजना गरेको छलफल हेर्दा त्यो केवल प्रशासनिक विमर्श झैं प्रतीत हुन्छ ।

सरकारी प्रतिनिधिमण्डलले गरेको छलफल र त्यसका लागि लक्षित व्यक्तिहरू हेर्दा लाग्छ सरकारी टोलीले संविधानको प्रस्तावनाको पृष्ठभूमि, त्यसको मर्म र भावना अनि विगतमा त्यो संविधान प्राप्तिका लागि भए/गरेका राजनीतिक संघर्षको योगदानलाई भने नजरअन्दाज गरे झैं देखिंदैछ । प्रशासनिक एवम् एकाङ्की शैलीबाट तयार गरिने बहसपत्रमा मुलुकको अर्थ-राजनीतिक समस्याको जरो फेला पर्ला भन्नेमा प्रशस्त शंका छ ।

न्यून उत्पादन र अधिक उपभोग नै हाम्रो अर्थतन्त्रको विरोधाभासपूर्ण समस्या हो । यसको डाइनामिक्सलाई सही ठाउँमा ल्याउनका लागि आन्तरिक उत्पादनमा वृद्धि अपरिहार्य हुन्छ । सरकारले आन्तरिक उत्पादन वृद्धि गर्ने औजारको रूपमा उत्पादन लागत घटाउन, व्यवसाय गर्ने वातावरण सरल बनाउन नीतिगत एवम् कानूनी सुधारको आवश्यकता औंल्याएको छ, यो एकहदसम्म सही निष्कर्ष नै हो ।

तर पनि मुख्य कुरा भने त्यसको कार्यान्वयन कसरी हुन्छ भन्नेमै सो लक्ष्यको गन्तव्य सन्निहित रहन्छ । सीमारहित अर्थतन्त्र, तौलरहित व्यापार, डिजिटल अर्थतन्त्र आदि जस्ता लोकप्रिय र फेन्सी शब्दावलीले भरिपूर्ण नीति तथा कार्यक्रमबाट आधारभूत तहसम्म रोजगारी र आयआर्जन सिर्जना कसरी होला ?सरकारले ग्रामीण अर्थतन्त्रको पुनर्जीवन र कृषिलाई सम्मानजनक उद्यमशील पेशाको रूपमा स्थापित गर्ने घोषणा गरेको छ जसका लागि विदेशबाट फर्किएका जनशक्तिलाई कृषि उद्यममा आकर्षित गरिने भनिएको छ । तर, नेपालको कृषिले न त व्यावसायिक स्वरुप ग्रहण गर्न सकेको छ, न पछिल्लो समय व्यावसायिक बन्न खोज्दै गरेका कृषि उद्यमीहरू नै सफल भएका छन् । खासगरी कृषिमा आफैं काम नगर्दासम्म यसको महत्व नै नबुझ्ने अवस्था छ । अनि कृषिमा काम गर्न अहिलेको युवा पुस्ता कसैगरे पनि रुचिकर मानिरहेको छैन । अनि कृषिको कुरा गर्दा जमिनको उपलब्धताबारे गम्भीर समस्या विद्यमान छ । जमिनसँग आवास र ऐतिहासिक भूमि सम्बन्ध र स्वामित्व पनि सँगै आउँछ । अतः जमिन, आवास र भूमिको उपयोगिताबारे स्पष्टता नभएसम्म व्यावहारिक रूपमा नेपालको कृषि उन्नत हुनसक्ने देखिंदैन । 'विकास' र 'व्यवस्थापन'का लागि भन्दै सुकुम्वासी र भूमिहीन नागरिकका बस्तीमा डोजरतन्त्र चलाएर चैन मान्ने सरकारले भूमि-सम्बन्धको जटिल समस्या समाधान गर्ला ? त्यस्तै कृषिका लागि श्रम जरूरी हुन्छ । तर, नेपालको शिक्षाले श्रम चिन्दैन । खासमा श्रमप्रतिको सम्मान र कामप्रतिको मोह नै सिर्जना हुन नसक्नाले हाम्रो युवाशक्ति खेर गइरहेको प्रतीत हुन्छ ।

अनि नेपालको कृषिलाई बजार शृङ्खलासँग अटुट रूपले जोड्न सकिएको छैन । राज्यले त्यही बजार निर्माणका लागि पहल गरिदियो र हरेक किसान परिवारले उत्पादन गर्ने स-सानो पैमानाका कृषिजन्य सामग्री स्वतः ( किसानको पहल विना नै) बजारसम्म पुग्ने वातावरण बन्यो भने बल्ल नेपाली कृषिले केही गति लिनसक्ने देखिन्छ । सरकारको नीति तथा कार्यक्रममा भूमि व्यवस्थापन र बजारीकरणको स्पष्ट मार्गचित्र छुटेको प्रतीत हुन्छ ।

सरकारले सन् २०८३/८४ देखि 'रोजगार प्रवर्द्धन दशक' घोषणा गर्ने जनाएको छ । तर, यो घोषणा पनि विगतमा जस्तै यति लाख रोजगारी र उति लाख रोजगारी सिर्जना गरिनेछ भनेर गरिने घोषणा जस्तै हुने देखिन्छ । किनकि सरकार आफैंले रोजगारी सिर्जना गर्न सक्दैन, रोजगारी सिर्जनाका लागि देशमा लगानीमैत्री वातावरण बनाउने, प्रशासनिक एवम् कानूनी जटिलता फुकाउने र अर्थतन्त्रमा विश्वासको वातावरण सिर्जना गर्न जरूरी छ ।सरकारले आवासविहीन, सीमान्तकृत, विपन्न तथा विपद् प्रभावित समुदायका लागि किफायती र सुविधायुक्त आवास योजना कार्यान्वयन गर्ने उल्लेख गरेको छ र वास्तविक भूमिहीनको पहिचान गरी स्थायी आवासको स्वामित्व सुनिश्चित गरिने उल्लेख गरेको छ । वास्तवमै आवास नागरिकको मौलिक हक हो । कुनै पनि व्यक्ति आवासविहीन हुनु मुलुककै लागि लज्जाको विषय हो । आवासको प्रबन्ध गर्नु सरकारको दायित्व पनि हो । यो कार्य तत्कालै हुनुपर्छ ।तर, यतिले मात्र पुग्दैन । नेपालको भूमि-सम्बन्ध अलि जटिल प्रकारको छ । सरकारी तथ्याङ्कले नै भन्छ कि मुलुकभर १२ लाख बढी परिवार सुकुम्वासी र अव्यवस्थित बसोबासीमा दर्ज छन् । जनसंख्यामा हेर्दा त्यो ४०/५० लाखकै हाराहारीमा हुन जान्छ । सरकारको नीति तथा कार्यक्रममा विगतमा 'अव्यवस्थित बसोबासी' भनी परिभाषित गरिएको तप्कालाई सम्बोधन गरेको देखिंदैन ।

यसबाट जमिनको उपयोगिता, आवासको हक यथोचित रूपमा कार्यान्वयन गर्न कठिन हुने देखिएको छ । सरकारले अव्यवस्थित बसोबासीलाई निश्चित मापदण्ड अनुरूप विगतमा भूमि आयोगले गरेको कामकारबाही अनुरुप व्यवस्थित बनाएपछि बल्ल भूमिहीन सुकुम्वासीको यकिन विवरण पनि आउने देखिन्छ । तर, सरकारले यस सवालमा नीति कार्यक्रममा केही बोलेको छैन ।

त्यसैगरी सरकारले औद्योगिक क्षेत्रको समग्र वातावरण सुधार गर्न उद्योग र लगानीसँग सम्बन्धित कानून, प्रक्रिया तथा संरचना समयानुकूल बनाउने घोषणा गरेको छ । औद्योगिक क्षेक्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामको निर्माण र सञ्चालनमा निजी क्षेत्रलाई आकर्षित गरिने नीति कार्यत्रममा उल्लेख गरिएको छ । तर, मुलुकको औद्योगीकरणको मुख्य समस्या पहिचान गरी त्यसको समाधान नगरी उद्योग धन्दा फस्टाउने अवस्था भने देखिंदैन ।

सरकारले नयाँ 'राष्ट्रिय औद्योगिक नीति'को तर्जुमा गरी स्टार्टअप, लघु, साना तथा मझौला उद्यमलाई वित्त, प्रविधि, बजार र क्षमता विकासमा पहुँच उपलब्ध गराउने उद्घोष गरेको छ । यो निश्चय नै सकारात्मक सुनिन्छ र विगत केही समयदेखि 'स्टार्टअप'को चर्चा यत्रतत्र सुनिंदै पनि आइएकै छ ।

तर, विगतमा पनि धेरै पटक स्टार्टअप र साना तथा मझौला उद्यमलाई प्रोत्साहन गर्ने नीति लिइएको थियो, त्यसको कार्यान्वयन प्रभावकारी ढंगबाट हुनसकेको छैन । जसको मुख्य कारण प्रभावकारी र नियमित बजारको अभावले स-सानो उद्यमशीलताको प्रवर्द्धन हुन नसक्नु र ठूला तथा मझौला औद्योगिक क्षेत्रमा गरिने लगानीको प्रतिफलको कुनै सुनिश्चितता नहुनु हो । सरकारको नीतिले न त सानालाई सहयोग गरेको छ, न ठूलालाई आकर्षित नै ।

परिणामतः औद्योगिक लगानी भित्रिन सकेको छैन । अनि औद्योगिक क्षेत्रले अर्थतन्त्रमा गर्ने योगदानको अनुपात पनि स्थिर र खुम्चिंदो क्रममै रहेको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले हालै प्रकाशित गरेको विवरण अनुसार चालु आ.व. २०८२/८३ मा कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान विगतकै अंक वरिपरि अर्थात् केवल १३.८ प्रतिशत रहने प्रक्षेपण गरेको छ ।

त्यसैगरी कृषि क्षेत्रको योगदान पनि २४.५ प्रतिशत र सेवा क्षेत्रको योगदान ६१.८ प्रतिशत रहने अनुमान गरेको छ । विगत १५ वर्षको तथ्याङ्क हेर्दा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा द्वितीय अर्थात् औद्योगिक क्षेत्रको योगदान १३/१४ प्रतिशतमै सीमित देखिन्छ । प्राथमिक एवम् कृषिजन्य क्षेत्रको योगदान ३४ प्रतिशतबाट घटेर २४ प्रतिशतमा झरेको छ भने सेवा क्षेत्रको योगदान ५२ प्रतिशतबाट बढेर ६२ प्रतिशत पुगेको छ ।

यस वर्ष पनि सरकारले स्वदेशी उत्पादन प्रवर्द्धनको नीति लिएको देखिन्छ । तर, आपूर्ति शृङ्खलामा यथेष्ट मूल्यवृद्धि गर्न सक्ने त्यस्ता राष्ट्रिय उत्पादनहरूबारे भने यकिन हुनसकेको देखिंदैन । हामीसँग भएका के-कस्ता उत्पादनहरूमा उल्लेख्य मूल्यवृद्धि (भ्यालू एड) गर्न सकिन्छ ? अनि त्यस्ता उत्पादनको लागत र कच्चा पदार्थको उपलब्धताको अवस्था कस्तो छ ?

स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग हुन् कि आयातित कच्चा पदार्थमा ? त्यस्ता उत्पादनको आन्तरिक बजार कस्तो छ ? बजार व्यवस्थापनको सम्भावना कस्तो छ ? यी यावत् विषयहरूमा यथोचित अध्ययन-अनुसन्धान हुनसकेको देखिंदैन । त्यसैले हाम्रो औद्योगिक र व्यावसायिक नीति पनि सफल हुनसकेको छैन ।

यस पटकको नीति कार्यक्रमको विशेषता भनेकै छरितोपना हो । कुल १०० बुँदामा समेटिएको नीति तथा कार्यक्रम विगतको भन्दा छरितो देखिएको छ तथापि आधारभूत रूपले नीति कार्यक्रमले प्रशासनिक सुधार गर्ने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने एवम् सबै क्षेत्रलाई डिजिटाइज गर्ने लक्ष्यहरू निर्धारण गर्नुबाहेक बृहत् आर्थिक एवम् सामाजिक क्षेत्रको रूपान्तरणका सवालहरूलाई भने समेटेको देखिंदैन ।

नीति कार्यक्रमले अर्थतन्त्रका संरचनागत जटिलता खुट्याउने र त्यसलाई बदल्ने दृष्टिकोण स्पष्ट्याउन सकेको छैन । नेपाली अर्थतन्त्रको नियति भन्नु नै न्यून उत्पादन हो । न्यून उत्पादनका कारण राज्यको आम्दानी बढ्न सकेको छैन । अतः सरकारले प्रस्ताव गरेका कार्यक्रमहरू कार्यान्वयनका लागि सबैभन्दा ठूलो चुनौती नै वित्तीय स्रोतको अभाव हो । सरकारको नीतिमा राजस्व बढाउने कुनै नवीन उपाय देखिएको छैन ।

आयातमा लगाइएको करकेन्द्रित राजस्वले मुलुकको समृद्धि सम्भव छैन । उत्पादनमा आधारित राजस्व बढोत्तरीको सम्भावना पहिचान हुनसकेको छैन । त्यसैले स्रोतको अभाव नै हाम्रो सीमितता हो । विगत लामो समयदेखि राजस्वका अलावा बाह्य अनुदान र सार्वजनिक ऋण नै सरकारी स्रोत व्यवस्थापनको औजार बन्न पुगेको छ ।

कुनै बेला सरकारी ऋण बढ्दै गर्दा 'ऋण थपेर मुलुक बन्दैन' भन्दै सामाजिक सञ्जालमा कटाक्ष गर्ने स्वयम् बालेन्द्र शाह नै अहिले प्रधानमन्त्री छन् र उनका सुरुआती निर्णयहरू नै थप वैदेशिक ऋण स्वीकार गर्ने थिए ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको प्रतिवेदन अनुसार चालु आर्थिक वर्षको २०८२ चैत मसान्तसम्म मुलुकको कुल सार्वजनिक ऋण रु.२९ खर्ब ३३ अर्ब पुगिसकेको छ । जबकि यसै आ.व.को शुरुमा यस्तो ऋण रु.२६ खर्ब ७४ अर्ब रहेको थियो । चालु आर्थिक वर्षको ९ महिनामा नै रु.२ खर्ब ६० अर्ब ऋण थपिएको छ ।

अब विगतमा जस्तै सरकारले प्रत्येक वर्ष सार्वजनिक गर्ने नीति तथा कार्यक्रमले केवल परम्पराको निरन्तरता मात्रै अभिव्यक्त गर्ने हो कि त्यसको परिणाममुखी कार्यान्वयन पनि हुनेछ ? त्यो भने भविष्यले नै बताउनेछ । त्यसैगरी राष्ट्रिय तथ्याङ्क कार्यालयको संशोधित विवरण अनुसार चालु आर्थिक वर्षको अन्त्यसम्म मुलुकको कुल गार्हस्थ्य उत्पादन रु.६६ खर्ब पुग्ने अनुमान गरिएको छ । अर्थात् यस वर्षको अन्त्यसम्म कुल जीडीपीसँग अहिलेको सार्वजनिक ऋणको अनुपात कम्तीमा ४५ प्रतिशत पुग्ने देखिन्छ । जबकि चालु वर्षको सुरुआतमा यस्तो अनुपात ४१.५ प्रतिशत रहेको थियो । सार्वजनिक ऋणको आयतन बढ्दै जाँदा हामी क्रमशः ऋणको पासोमा पर्दै गएको स्पष्ट हुन्छ । तर, सरकारको नीति कार्यक्रममा ऋणको पासोलाई क्रमशः खुकुलो बनाउँदै लैजाने रणनीति देखिंदैन ।सरकारले सार्वजनिक सेवा प्रवाह, कृषि क्षेत्रको विकास, पर्यटनको प्रवर्द्धन, औद्योगिक प्रवर्द्धन एवम् प्रविधि क्षेत्रको विकासलाई प्राथमिकतामा राखेको छ । कार्यक्रमले सम्भवतः सेवा प्रवाहका हरेक क्षेक्रमा डिजिटाइजेसनलाई जोड दिने नीति देखिन्छ । तर, एकल दुईतिहाइ बहुमतको सरकारको नीति तथा कार्यत्रमले आधारभूत जनताको जीविकालाई सम्बोधन गर्ने स्पष्ट कार्यक्रमलाई प्रस्तावित गर्न सकेको देखिंदैन । महँगी नियन्त्रण गरी जनताको भान्सा सर्वसुलभ बनाउने कार्यक्रमबारे सरकार बोलेको छैन ।खासगरी संसद्मा टेबुल गर्ने बेलामा झुल्किने बाहेक सरकारका प्रधानमन्क्री नै सरकारका नीति तथा कार्यत्रम प्रस्तुति, छलफल र पारित गर्ने कार्यमा संलग्न भएनन् । संसद्मा प्रधानमन्त्रीको उपस्थितिका लागि प्रतिपक्षहरूले निकै जोडबल गर्दा पनि प्रधानमन्त्री संसद्मा देखा परेनन् । यसबाट उनले संसद्लाई भने उपेक्षा नै गरेको ठहर हुन्छ ।

दुईतिहाइ बहुमतको सरकारले आफ्नो पहिलो नीति तथा कार्यक्रम (जुन स्वतः र सहजै पारित हुनेवाला थियो नै) प्रतिपक्षहरूको आवाजलाई सुन्नेसम्म चेष्टा नगर्नु भनेको सत्ताको मैमत्ता नै हो । अतः सरकार नीति तथा कार्यत्रममा राजनीतिक रूपले 'असफल' भएको मान्न सकिन्छ । प्रतिपक्षको आवाज नसुन्नाले नीति कार्यक्रम केवल सरकार र सत्ताधारी दलकै प्रोपर्टी बन्न पुग्यो र स्वयम् प्रधानमन्क्रीले नै स्वामित्व नलिएको जस्तो देखिएको अवस्थामा कसको नीति र कसको कार्यत्रम ? भन्ने राजनीतिक प्रश्न अनुत्तरित नै रह्यो ।

अब विगतमा जस्तै सरकारले प्रत्येक वर्ष सार्वजनिक गर्ने नीति तथा कार्यक्रमले केवल परम्पराको निरन्तरता मात्रै अभिव्यक्त गर्ने हो कि त्यसको परिणाममुखी कार्यान्वयन पनि हुनेछ ? त्यो भने भविष्यले नै बताउनेछ । आशा गरौं प्रचण्ड बहुमतको गह्रुंगो सरकारले ल्याएको हल्का नीति तथा कार्यक्रमको नियति भने विगतको जस्तो हुनेछैन ।

# हन्टा भाइरस सङ्क्रमण र विपद्को जोखिम

काठमाडौं, ७ जेठ । नेदरल्याण्ड अर्थात् डच कम्पनीको एमभी होन्डियस नामक जहाज जुन अप्रिल १ मा अर्जेन्टिनाबाट बेलायत, अमेरिका, स्पेनलगायतका २८ विभिन्न देशका १५० भन्दा बढी यात्रु यात्रा गरिरहेका थिए । उक्त क्रुजशिपमा हन्टा भाइरसको एन्डिस स्ट्रेन फैलिएपछि दुई डच नागरिकसहित तीन जनाको मृत्यु, पाँच जना प्रयोगशाला प्रमाणित सङ्क्रमित र जहाजमै भएका करिब १५० जतिको सुरक्षित अवतरणको चर्चा फैलियो ।



जहाजबाट विचमा झरेका विश्वका विभिन्न कुनामा पुगिसकेका यात्रुको र उनीहरुको सम्पर्कमा आएकालाई कन्ट्याक्ट ट्रेसिङ खोजी कार्य आज पनि जारी छ । यात्रुलाई स्वास्थ्य संस्थामा सम्पर्कमा आउन र क्वारेन्टिनमा बस्न विभिन्न सरकारले आह्वान गरिसकेका छन् । विश्व स्वास्थ्य सङ्गठनले समेत जोखिमलाई कम तर सचेतनालाई गम्भीर रुपमा स्टेज चारमा लिदै अन्तर्राष्ट्रिय स्वास्थ्य नियमावलीअन्तर्गत निगरानी र नियन्त्रण प्रक्रिया सक्रिय बनाएको छ ।

विश्व स्वास्थ्य सङ्गठनले आधिकारिकरुपमा बेलायत, अमेरिका, क्यानडा, जर्मनी, नेदरल्याण्ड, स्विट्जरल्याण्ड, सिङ्गापुर र टर्कीलगायत १२ देशलाई सर्तक गराएको छ । जहाजमा अप्रिल ६ देखि लक्षण देखिन थालेको र अप्रिल ११ मा पहिलोपटक एक जनाको मृत्यु भएको थियो । सुरुमा सामान्य श्वासप्रश्वाससम्बन्धी रोग ठानिएको ती व्यक्तिको मृत्युपछि सङ्क्रमित भएको पुष्टि भएको थियो । जहाज सञ्चालक कम्पनी ओसनवाइड एक्सपिडिसनका अनुसार गत अप्रिल २४ मा सेन्ट हेलेनामा ३० जना यात्रु ओर्लिएका थिए, जसमा डच दम्पती थिए । ती दम्पतीमध्ये श्रीमानको जहाजमै मृत्यु भएको थियो भने पछि श्रीमतीको पनि मृत्यु भयो । जहाजबाट ओर्लिएपछि जोहोनेसवर्गमा एक सङ्क्रमितको मृत्यु, स्विटजरल्याण्डमा अर्को पुष्टि भएपछि मात्र हान्टा भाइरस भएको पुष्टि भएको हो । जहाजमा नभएकी एक महिलामा समेत शङ्कास्पद लक्षणहरु देखिएको छ र उनको परीक्षण गरिएको छ । क्यानाडामा समेत ब्रिटिस कोलम्बियामा आइसोलेसनमा रहेका क्रुज यात्रुमा सङ्क्रमण पुष्टि भएको छ र उनीसँग सम्पर्क आएकालाई आईसोलेसनमा राखिएको छ ।

***अर्को कोभिड त होइन हान्टा भाइरस ?***

हान्टा भाइरस ब्रुन्याभिरिडी परिवारअन्तर्गत पर्ने २० भन्दा बढी भाइरसहरूको समूह हो, जसको नामकरण दक्षिण कोरियाको हन्तान नदीको नामबाट गरिएको हो, जहाँ सन् १९७८ मा पहिलो पटक यो भाइरस पहिचान गरिएको थियो । अर्थोहान्टाभाइरस जेनस, हन्टाभिरिडी परिवार तथा बुन्याभाइरालेस अर्डरअन्तर्गत पर्ने हान्टा भाइरसका विश्वभर स्थानअनुसार २० भन्दा बढी स्पिसिज पहिचान भएका छन् ।

सामान्यतया सङ्क्रमित मुसा तथा अन्य रोडेन्टहरूको पिसाब, दिसा वा र्‍यालबाट निस्किएका सूक्ष्म कण वा तिनीहरूले दूषित बनाएको वातावरणसँगको सम्पर्कमा आउँदा श्वासप्रश्वासमार्फत मानिसमा यो भाइरस सर्छ । यसपटक भने मानिसबाट मानिसमा सरेको पाइएकाले यो दुर्लभ तर चिन्ताजनक मानिएको छ । लामो समयसम्म नजिकको सम्पर्क, एउटै बन्द कोठामा बसाई तथा सङ्क्रमित व्यक्तिको शारीरिक तरलसँग सम्पर्क हुँदा जोखिम बढ्छ । धेरैजसो भेरियन्ट मानिसमा सजिलै सर्दैनन् । सर्ने भेरियन्ट पनि कोभिड-१९ जस्तै तीव्र रूपमा हावाबाट फैलिने प्रकृतिको होइन ।

सन् २०२३ मा युरोपियन क्षेत्रमा हान्टा भाइरस सङ्क्रमणबाट एचएफआरएस भएका एक हजार ८८५ केसअर्थात् प्रतिएक लाखमा ०.४ केस मात्र रिपोर्ट भएका थिए । पूर्वी एसियाका चीन र कोरियामा हरेक वर्ष हजारौं केस रिपोर्ट हुने गर्छन् । सन् २०२५ भर अमेरिकी महादेशका आठ देशमा २२९ हान्टा भाइरसका केस पुष्टि भएकामा ५९ जनाको मृत्यु भएको रिपोर्ट छ । अमेरिकामा हान्टा भाइरस सङ्क्रमण दुर्लभ मानिन्छ र सन् १९९३ देखि २०२३ सम्म जम्मा ८९० केस पुष्टि भएका छन् । मानिसबाट मानिसमा सङ्क्रमण भएको घटना दक्षिण अमेरिकामा मात्र देखिएको छ, जहाँ २०१८-२०१९ मा भएको प्रकोपमा ३४ जना सङ्क्रमित हुँदा ११ जनाको मृत्यु भएको थियो ।

***के कस्ता लक्षण हुन्छन् ?***

अन्य दीर्घरोग भएका व्यक्ति तथा ज्येष्ठ नागरिक यस सङ्क्रमणका जोखिम समूहमा पर्छन् । उनीहरूमा सजिलै सङ्क्रमण हुने, सङ्क्रमण जटिल अवस्थामा पुग्ने तथा मृत्यु हुने सम्भावना बढी हुन्छ । वातावरणीय तथा इकोलोजिकल कारकहरूले रोडेन्टको सङ्ख्यामा असर पार्ने भएकाले सङ्क्रमणको सङ्ख्या तथा प्रकोपमा समेत प्रभाव पर्छ ।

हान्टाको एन्डिस भाइरसको दुर्लभ तर प्राथमिक सङ्क्रमण नजिक र लामो समयसम्मको मानिस-मानिस सम्पर्कबाट हुन सक्छ । दोस्रो सङ्क्रमण स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीमा कम मात्रामा देखिन्छ, जुन सङ्क्रमणको सुरुआती अवस्थामा बढी सङ्क्रामक हुँदा हुने सम्भावना रहन्छ । सङ्क्रमण भएपछि लक्षण देखिन सामान्यतया दुईदेखि चार हप्ता लाग्छ । छिटोमा एक हप्ता र ढिलोमा आठ हप्तासम्म लाग्न सक्छ । यसले सङ्क्रमण सार्ने जोखिम अवधि ४२ दिनसम्म हुने भएकाले थप जोखिम बढाएको छ ।

यसमा सुरुमा एकदेखि चार हप्तासम्म चिसो लाग्ने, ज्वरो आउने, टाउको तथा शरीर दुख्ने, चक्कर लाग्ने, अत्यधिक थकान महसुस हुने, पेट दुख्ने, वाकवाकी लाग्ने, बान्ता हुने, झाडापखाला तथा मांसपेशी दुख्ने लक्षण देखिन्छन् । पछि अचानक श्वासप्रश्वासमा समस्या देखिने, रक्तचापमा परिवर्तन हुने तथा सङ्क्रमण बढ्दै जाँदा फोक्सोमा पानी भरिने, रक्तचाप घट्ने र सास फेर्न अत्यन्त गाह्रो हुने गर्छ ।

हान्टा भाइरस सङ्क्रमणले निम्त्याउने दुई प्रमुख गम्भीर समस्यामा हान्टा भाइरस पल्मोनरी सिन्ड्रोम (एचपीएस) र हेमोरेजिक फिभर विथ रिनल सिन्ड्रोम (एचएफआरएस) पर्दछन् । पल्मोनरी सिन्ड्रोममा भाइरसले सिधै फोक्सोमा असर गरी सास फेर्न गाह्रो हुने, खोकी लाग्ने, फोक्सोमा तरल पदार्थ जम्ने, रक्तचाप घट्ने, मुटुको धड्कन तीव्र हुने तथा श्वासप्रश्वासमा गम्भीर अवरोध पैदा भई बिरामीको मृत्यु हुन सक्छ । हेमोरेजिक फिभर विथ रिनल सिन्ड्रोममा मुख्यतया मिर्गौलामा असर पर्छ र मिर्गौला फेल हुन सक्छ । भेरियन्टअनुसार लक्षण तथा चिन्ह फरक पर्न सक्छ । हान्टा भाइरसका भेरियन्टमध्ये एन्डिस स्ट्रेन मात्र मानिसबाट मानिसमा सर्ने भेरियन्ट हो । यो चिली र अर्जेन्टिनामा समय-समयमा फैलिने गरेको छ ।

***निदानका उपायहरु के हुन सक्छन् ?***

शङ्कास्पद अवस्था: सङ्क्रमण फैलिएको स्थानमा बसेको वा भ्रमण गरेको, शङ्कास्पद वा सङ्क्रमित व्यक्तिसँग सम्पर्कमा रहेको तथा एएनडीभी सङ्क्रमणका शङ्कास्पद लक्षण भएका व्यक्ति ।

सम्भावित अवस्था: शङ्कास्पद अवस्थाका लक्षण तथा चिन्ह भएका, स्वास्थ्यकर्मीले परीक्षण गरेको, सङ्क्रमित वा सम्भावित केससँग इपिडेमियोलोजिकल सम्बन्ध तथा सम्पर्कमा रहेको तर प्रयोगशाला परीक्षण नभएको व्यक्ति ।

पुष्टि भएको अवस्था: आरटी-पिसिआर वा सेरोलोजी परीक्षणबाट एएनडिभी सङ्क्रमण पुष्टि भएको व्यक्ति ।

समस्या नदेखिएको अवस्था: शङ्कास्पद वा सम्भावित भए पनि आरटी-पिसीआर वा सेरोलोजी परीक्षणमा एएनडिभी नेगेटिभ आएको व्यक्ति अथवा सम्पर्कमा आएको समयदेखि अधिकतम् ओथारो अवधि पार गरिसकेको व्यक्ति ।

***उपचार कसरी हुनसक्छ ?***

हान्टा भाइरस सङ्क्रमणको कुनै विशेष उपचार, औषधि, खोप वा निश्चित एन्टिभाइरल उपचार उपलब्ध छैन । सङ्क्रमितलाई लाक्षणिक तथा सहयोगात्मक उपचार मात्र गरिन्छ । अफवाह तथा सामाजिक सञ्जालका भ्रममा परी अनावश्यक आतङ्कित हुने वा गराउने काम गर्नु हुँदैन । सरकारले तोकेको आधिकारिक निकायबाट जारी सूचनामा मात्र विश्वास गर्नुपर्छ ।

रोडेन्टबाट सर्ने रोगहरू, स्क्रब टाइफसलगायतका रोगहरूको नियन्त्रणका लागि मुसा तथा सम्बन्धित रोगबारे थप खोज तथा अनुसन्धान आवश्यक छ । यसले भविष्यमा हुन सक्ने महामारी तथा रोगको जोखिम व्यवस्थापन गर्न सहयोग पुर्‍याउँछ । व्यक्तिगत तथा वातावरणीय सरसफाइ नै मुख्य बचावटका उपाय भएकाले मुसा नियन्त्रण, सरसफाइमा सतर्कता, खाद्य सुरक्षा तथा वातावरणीय सरसफाइमा ध्यान दिनुपर्छ । घर तथा वरपरको वातावरण सफा राख्ने, मुसा प्रवेश गर्ने सम्भावित स्थान बन्द गर्ने तथा मुसाको फोहोर सफा गर्दा पिपिई, मास्क तथा पञ्जा प्रयोग गर्नुपर्छ । साबुनपानीले नियमित हात धुने, भीडभाडमा नजाने, शङ्कास्पद वा सम्भावित सङ्क्रमितसँग भौतिक दूरी कायम गर्ने तथा मास्क प्रयोग गर्नु आवश्यक छ । रोकथामका लागि जनस्वास्थ्यका मापदण्ड पालना, जोखिम सञ्चार तथा समुदाय सहभागितालाई बढावा दिनुपर्छ । ज्वरो, श्वासप्रश्वासमा समस्या वा अन्य असामान्य लक्षण देखिए नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।

***नेपालको तयारी कस्तो छ ?***

नेपालमा हालसम्म हान्टा भाइरस सङ्क्रमण पुष्टि भएको आधिकारिक तथ्याङ्क छैन । तथापि, अमेरिकाको सीडीसीको एक रिपोर्टअनुसार सन् २०१७ मा नेपाल भ्रमण गरेर फर्किएका एक स्पेनी यात्रुमा श्वासप्रश्वाससम्बन्धी समस्या देखिएपछि हान्टा भाइरस पुष्टि भएको थियो । उनले नेपालमा बस्दा लजमा मुसा प्रजातिका जनावरसँग सम्पर्क भएको बताएका थिए ।

एन्डिस भाइरसबाट सङ्क्रमित मुसा नेपालमा नपाइने, हाल सङ्क्रमित रहेको जहाजका यात्रु नेपाली नभएको तथा कुनै यात्रु नेपाल नआएको जानकारी भए पनि छिमेकी राष्ट्रका नागरिक जहाजमा रहेको उल्लेख गरिएको छ । नेपालमा हालसम्म हान्टा भाइरस पुष्टि नभएकाले जोखिम कम मानिए पनि अन्तर्राष्ट्रिय उडान तथा आवागमन, कमजोर निगरानी तथा परीक्षण प्रणालीका कारण सम्भावित जोखिमलाई पूर्ण रूपमा नकार्न सकिँदैन । नेपालमा दैनिक ४-५ दर्जनभन्दा बढी मुसाको टोकाइका बिरामी अस्पताल आउने गरेका तथ्याङ्क छन् । एशियाली स्ट्रेन विशेषगरी रसिया, जापान तथा कोरियामा देखिने गरेको छ, जहाँ नेपालीहरूको आवतजावत उल्लेख्य छ । तर आवतजावत गर्ने व्यक्तिहरूको न त पर्याप्त स्क्रिनिङ छ न त निगरानी नै ।

नेपालमै हान्टा भाइरस निदान गर्न सक्ने सुविधा हालसम्म उपलब्ध छैन । परीक्षणका लागि किट नेपालमै ल्याउने वा नमुना विदेश पठाएर परीक्षण गर्ने भन्ने विषयमा समेत स्पष्ट निर्णय भइसकेको छैन । त्यसैले सरकार जोखिम नभएको भन्दै प्रचारप्रसारमा मात्र सीमित नभई परीक्षण, निगरानी, निदान, उपचार व्यवस्थापन तथा पूर्वतयारी र जनचेतनामूलक कार्यमा सक्रिय हुन आवश्यक छ ।

*रासस*

*लेखक डा प्रकाश बुढाथोकी वीर अस्पतालमा मुख तथा दन्त सर्जन प्रमुख हुनुहुन्छ ।*

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# सीमा विवादपछि कर्णाली करिडोर अवरुद्ध

हुम्ला ७ जेठ । कर्णाली करिडोरअन्तर्गत बाजुराको धुलाचौर क्षेत्रमा हुम्ला आउने-जाने यातायात सेवा बन्द गरिएको छ ।

बाजुरा र हुम्लाको सीमा क्षेत्र लाम्पाटा-च्याचौरमा भएको झडपमा हिमाली गाउँपालिकाका चार जना स्थानीय घाइते भएको विरोधमा स्थानीयले बिहीबार बिहानदेखि यातायात अवरुद्ध गरेका हुन् । हुम्लातर्फ जाँदै गरेका चन्द्रसिंह कार्कीका अनुसार धुलाचौरमा सडकमा ढुंगा राखेर तथा टायर बालेर यातायात रोकिएको छ । बन्दका कारण हुम्लाबाट सुर्खेत र नेपालगञ्जतर्फ जाने तथा त्यहाँबाट फर्किने करिब दुई सय यात्रु र ४० भन्दा बढी सवारीसाधन अलपत्र परेका छन् ।



बिरामी, महिला, बालबालिका तथा अत्यावश्यक कामका लागि यात्रा गरिरहेका हुम्लावासी बढी समस्यामा परेको बताइएको छ । यात्रुसँग पैसा अभाव हुँदा खाना र बसोबासमा समेत कठिनाइ भएको जनाइएको छ ।

धुलाचौर क्षेत्रमा हुम्लाका धेरै व्यवसायी रहेकाले उनीहरूको व्यापारसमेत प्रभावित भएको छ । यस विषयमा बाजुराका प्रमुख जिल्ला अधिकारी डोलेन्द्र निरौला ले स्थानीयद्वारा सडक अवरुद्ध गरिएको स्वीकार गर्दै समस्या समाधानका लागि सर्वदलीय तथा सर्वपक्षीय बैठक बोलाइएको जानकारी दिए । उनले बन्द सडक खुलाउने प्रयास जारी रहेको बताएका छन् ।

# प्रधानमन्त्री अनुपस्थित हुँदा संसद्मा विवाद

दैनिक समाचारदाता

काठमाडौं, ७ जेठ । विपक्षी दलहरूको विरोधबीच डोलप्रसाद अर्याल ले प्रतिनिधिसभा बैठक सञ्चालन अघि बढाएका छन् ।

प्रतिनिधिसभा नियमावलीको नियम ५६ अनुसार प्रधानमन्त्रीसँग प्रत्यक्ष सम्बन्धित विषयमा प्रत्येक महिनाको पहिलो हप्तामा एक घण्टा प्रश्नोत्तर कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको विपक्षी सांसदहरूले स्मरण गराए ।




प्रधानमन्त्रीको उपस्थितिको माग गर्दै विपक्षी दलहरूले विरोध जनाएपछि सभामुखले पहिलो बैठक स्थगित गरेका थिए । तर दोस्रो बैठकमा भने विरोधकै बीच बैठक सञ्चालन गरिएको हो ।

बिहीबारको बैठकमा वालेन्द्र शाह ले 'प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) विधेयक, २०८३' माथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्ने कार्यसूची थियो । प्रधानमन्त्री अनुपस्थित भएपछि सभामुखले सोबिता गौतम लाई प्रस्ताव प्रस्तुत गर्न समय दिएका थिए । यसप्रति विपक्षी दलहरूले आपत्ति जनाउँदै प्रधानमन्त्री संसद्मा उपस्थित नभएको तथा प्रत्येक महिनाको पहिलो हप्तामा हुनुपर्ने प्रश्नोत्तर कार्यक्रमसमेत सञ्चालन नभएको भन्दै प्रश्न उठाए ।

विपक्षीको विरोधपछि सभामुखले सत्तापक्षलाई जवाफ दिन समय दिएका थिए । त्यसक्रममा अशोक कुमार चौधरी ले प्रधानमन्त्रीले अर्को मन्त्रीलाई कार्यसूची अगाडि बढाउने अधिकार दिने व्यवस्था रहेको बताएका थिए ।

सत्तापक्ष र प्रतिपक्षबीच सवाल-जवाफ चर्किएपछि सभामुखले बैठक १५ मिनेटका लागि स्थगित गरेका थिए । त्यसपछि बसेको दोस्रो बैठक विपक्षीको विरोधकै बीच अघि बढाइएको हो ।

# सर्लाहीमा ट्रक-जिप ठोक्किँदा ८ घाइते

दैनिक समाचारदाता

सर्लाही,७ जेठ । महेन्द्र राजमार्गअन्तर्गत बागमती नगरपालिका-४ को नगरपालिका चोकमा ट्रक र जिप ठोक्किँदा आठ जना घाइते भएका छन् ।

घाइतेहरूको अवस्था खतरामुक्त रहेको प्रहरीले जनाएको छ ।

बुधबार अपराह्न हरिवनबाट बागतमतितर्फ जाँदै गरेको प्रदेश २-०३-००१ क १३७६ नम्बरको ट्रक र विपरीत दिशाबाट आउँदै गरेको डिएल ४ सि एनबी ६२०० नम्बरको भारतीय जिप एकापसमा ठोक्किएका हुन् ।

दुर्घटनामा जिप चालक कविलासी नगरपालिका-८ का ५७ वर्षीय जयपाल रायसहित ब्रह्मपुरी गाउँपालिका-४ त्रिभुवननगरका एकै परिवारका सात जना घाइते भएका छन् । घाइते हुनेमा ५८ वर्षीय शिवशङ्कर हलुवाई, उनकी श्रीमती पुनमदेवी, छोरा सोनुप्रसाद, बुहारी अञ्जलीदेवी तथा नाति कन्हैया र किसन रहेका छन् । घाइतेहरूको बागमती मोडेल अस्पताल मा उपचार भइरहेको छ । दुर्घटनामा संलग्न सवारीसाधन र ट्रक चालकलाई नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय हरिवन का प्रमुख प्रहरी निरीक्षक चन्द्रकान्त अधिकारी ले जानकारी दिएका छन् ।

# एमालेले गुरुङको भवन प्रस्ताव फिर्ता गर्‍यो

दैनिक समाचारदाता

काठमाडौं, ७ जेठ । नेकपा एमाले ले व्यवसायी मीनबहादुर गुरुङ ले अनुदानमा निर्माण गरिदिने प्रस्ताव गरेको पार्टी कार्यालय भवन नलिने निर्णय गरेको छ ।

सचिवालय बैठकमा प्रस्तुत प्रस्तावअनुसार गुरुङ दम्पतीले दिएको जग्गा तथा भवन निर्माणको प्रस्ताव धन्यवादसहित फिर्ता गर्ने र नयाँ केन्द्रीय कार्यालय बल्खुमै निर्माण गर्ने तयारी गरिएको हो ।

प्रस्तावमा "कलंकीमा भवन निर्माणको प्रस्ताव गर्ने दाता मीनबहादुर गुरुङ दम्पतीलाई धन्यवादसहित प्रस्ताव फिर्ता गर्ने तथा नयाँ कार्यालय भवन मदननगर, बल्खुमै निर्माण गर्ने" उल्लेख गरिएको छ ।



गुरुङले दानमा दिने भनिएको भवनको शिलान्यास २०८१ असोजमा केपी शर्मा ओली र गुरुङ दम्पतीले गरेका थिए । तर भवन निर्माण प्रक्रिया अघि बढ्न सकेको थिएन । यसअघि व्यवसायीबाट जग्गा र भवन दान लिने निर्णयलाई लिएर एमालेभित्र विवाद चर्किएको थियो । यही विषयमा प्रश्न उठाउने नेतृहरू विन्दा पाण्डे र उषाकिरण तिम्सेना माथि पार्टीले अनुशासनात्मक कारबाहीसमेत गरेको थियो ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com,
मो.नं.: ९८५४०२०९२२

# एमालेका पाँच सचिवलाई प्रदेश इन्चार्जको प्रस्ताव



दैनिक समाचारदाता

काठमाडौँ ७ जेठ । नेकपा एमालेले पाँच जना सचिवहरूलाई प्रदेश इन्चार्जको जिम्मेवारी दिने तयारी गरेको छ। एमाले अध्यक्ष केपी शर्मा ओलीले तयार पारेको प्रस्तावित कार्य विभाजनको खाका अनुसार सचिवहरूलाई प्रदेश इन्चार्ज दिने उल्लेख छ। प्रस्तावित खाका अनुसार शेरधन राई कोशी, महेश बस्नेत बागमती, खगराज अधिकारी गण्डकी, यमलाल कँडेल कर्णाली र छविलाल विश्वकर्मालाई लुम्बिनी प्रदेशको इन्चार्जका रूपमा प्रस्ताव गरिएको छ। पाँच प्रदेशमा सचिव इन्चार्ज प्रस्ताव गर्दा ओलीले लिलानाथ श्रेष्ठलाई मधेस र दामोदर भण्डारीलाई सुदूरपश्चिम प्रदेशको इन्चार्जका रूपमा प्रस्ताव गरेका छन्।

# सुत्केरी व्यथापछि हेलिकप्टरमार्फत उद्धार

दैनिक समाचारदाता


काठमाडौं, ७ जेठ । कोल्टी स्थित कोल्टी आधारभूत अस्पतालमा सुत्केरी हुन आएकी हुम्लाकी एक गर्भवती महिलालाई नेपाली सेनाको हेलिकप्टरमार्फत उद्धार गरिएको छ ।

सर्केगाड गाउँपालिका-१ की १९ वर्षीया ललिता नेपालीलाई छ दिनदेखि सुत्केरी व्यथा लाग्दा पनि बच्चा जन्मिन नसकेपछि बिहीबार नेपाली सेनाको हेलिकप्टरमार्फत उद्धार गरी कर्णाली प्रादेशिक अस्पताल पठाइएको जिल्ला प्रशासन कार्यालय बाजुरा ले जनाएको छ ।





अब अनलाइनबाट बुकिङ्गको सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सुत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४